# लिखु गाउँपालिका गाई भैसीलाई सुत्केरी भत्ता अनुदान

# कार्यक्रम संचालन कार्यविधि -२०८२

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०७/२५**

**पृष्ठभुमि :-** लिखु गा.पा. भित्र गाई भैसी पालन किसानलाई प्रोत्साहन गराई गाई भैसीले वेत भरदिने दुधको परिमाण व्याएको दुई महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ । सो अवधि भित्र लैनो पशुले बढी दुध दिन सकेमा मात्र सोहि अनुपातमा सो वेत भरिनै उत्पादन कायम राख्न सकिन्छ । त्यसैले सो अवधि पशुको अति महत्वपुर्ण अवस्था रहेको र यस अवस्थामानै नवजात बाच्छाबाच्छी पाडापाडीको स्याहारसुसार गर्नुपर्ने भएकोले आवश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहारसुसारको लागी किसानहरुमा जागरुप बनाई आम्दानी बृद्धि गराएर व्यवसायीक बनाउनको लागी आबश्यक भएकोले लिखु गाउँपालिकाले विमित गाई भैसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई सरल र सहज व्यवस्थित प्रभावकारी पारदर्शि रुपले कार्यान्वयन गर्न लिखु गाउँपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १

**१. प्रारम्भिक:**

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधीको नाम "गाई भैंसी लाई सुत्केरी भत्ता अनुदान कार्यक्रम संचालन कार्यविधि -२०८२" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाको वैठकवाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "कार्यविधि" भन्नाले गाई भैसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रम संचालन कार्यविधि -२०८२ वुझ्नु पर्दछ ।

(ख) "कार्यक्रम" भन्नाले लिखु गाउँपालिकाको गाई भैसीलाई सुत्केरी भत्ता अनुदान सम्वन्धमा स्वीकृत भएको वार्षीक वजेट तथा कार्यक्रम सम्झनु पर्दछ ।

(ग) "साझेदार संस्था" भन्नाले यस कार्यक्रममा सहभागी जनाउने लिखु गा.पा. भित्रको व्यक्ति, समुह र सहकारी समेतलाई जनाउनेछ ।

(घ) "गाउँपालिका" भन्नाले लिखु गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) "मुल्याङकन समिति" भन्नाले दफा ९ अनुसार गठित समिति भन्ने सम्झनुपर्दछ ।

(च) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(छ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भनी संझनुपर्दछ ।

(झ) "समुह" भन्नाले लिखु गाउँपालिका क्षेत्र भित्र रहेका कृषी क्षेत्रमा काम गर्ने संस्था सम्झनुपर्दछ ।

(ञ) "संस्था" भन्नाले लिखु गाउँपालिका क्षेत्र भित्र रहेको सहकारीलाई समेत जनाउनेछ ।

(ट) "कार्यालय" भन्नाले लिखुँ गाउँपालिका अन्तरगत पशु विकाश सेवा केन्द्र सम्झनु पर्दछ ।

**३. यस कार्यक्रमको उद्देश्य देहाय वमोजिम रहेको छ ।**

(क) लिखु गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र लिखु गा.पा. गाई भैसी पालन गरी दुध उत्पादन गर्न सहयोग गर्ने ।

(ख) कृषकलाई कृषि क्षेत्रमा टेवा पुर्‍याई उत्प्रेरणा जगाउने ।

(ग) ग्रामीण स्वरोजगार श्रृजना गर्ने ।

(घ) दुधालु पशुको लैनो अवस्थामा थप स्याहार सुसार र उचित पोषणको माध्यमामबाट दुध उत्पादन बृद्धि गरी सोहि अनुपातमा वेत भरीनै दुध उत्पादन कायम राख्ने ।

(ङ) बाच्छाबाच्छी तथा पाडापाडीको मृत्युदर कम गरी उचित बृद्धिदर, तौल तथा गुणस्तर कायम राख्ने ।

च) पशुको दुई वेतको अन्तर कम गरी उत्पादन लागत घटाउने ।

## परिच्छेद २

**४. कार्यक्रम सञ्चालन छनौटका आधारहरु :-**

(क) यो कार्यक्रम सञ्चालन गर्नु अघि गाउँपालिकाले सार्वजनीक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ख) कृषक वा संस्था दुवैले कार्यक्रम सञ्चालन हुने वडा कार्यालयको सिफारिस पत्र साथ आवेदन दिनुपर्नेछ ।

(ग) यो कार्यक्रममा सहभागी हुन चाहने कृषक वा संस्थाले एक वा एक भन्दा बढी दुहुना गाईभैसी पालन गरेको हुनुपर्नेछ ।

(घ) भुक्तानी प्रकृया बैंक बाट हुनेछ ।

(ङ) संस्थाको हकमा सामूहिक बैठकको निर्णय प्रतिलिपी हुनुपर्नेछ ।

(च) संस्थाको हकमा बार्षिक लेखापरिक्षण गरेको हुनुपर्ने ।

(छ) अनिवार्य रुपमा पशुविमा गरेको हुनुपर्नेछ ।

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ओखलढुंगा
२०७३

(ञ) पशु विकास सेवा केन्द्र वा वडाबाट पशु ब्याउने वा पशु ब्याएको प्रमाण पत्र सिफारिस पेश गर्नुपर्नेछ ।

(झ) आधिकारिक निकायबाट गरीवी प्रमाणित गरिएको कृषक वा सुचिकरण भएका कृषकलाई प्राथमिकता दिईनेछ ।

५. **कार्यक्रम सन्चालनका लागि साझेदार छनौट प्रक्रिया** :- लिखु गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र यो कार्यक्रम सञ्चालन गरिनेछ ।

क) लिखु गाउँपालिका पशु विकास सेवा केन्द्रले अनुसुचि १ बमोजिमको दरखास्त आह्वान गर्नेछ ।

ख) अनुदान प्राप्त इच्छुक कृषक वा संस्थाले दफा ४ अनुसारको मापदण्ड पुरा गरी निवेदन पेश गर्नुपर्नेछ ।

ग) प्राप्त निवेदनहरु वडा सिफारिस साथ पेश गर्नु पर्नेछ ।

घ) प्रति सुत्केरी गाई/भैसी रु. ३००० का दरले अनुदान रकम उपलब्ध हुने गरी प्राथमिकताका आधारममा छनौट गर्नेछ ।

ङ) विनियोजित बजेटबाट पुग्ने संख्याका कृषक भन्दा बढी आवेदन परेको हकमा गरीवको सुचिमा परेकालाई पहिलो प्राथमिकता दिई कृषक छनौट गरीनेछ । यसो गर्दा पनि संख्या बढी भएमा पहिलो मितिमा ब्याएको गाई भैंसीलाई प्राथमिकता दिई छनौट गरीनेछ ।

च) कृषकहरु छनौट भएको कृषकहरुले यो कार्यविधि अनुसारको अनुदान रकम प्राप्त गर्नेछन

६. **सेवा सञ्चालन प्रक्रिया** :- यस कार्यकम बमोविमको सेवा सञ्चालन गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क. लिखु गाउँपालिका पशु सेवा शाखा र छनौट भएका कृषकहरु बीच आनुसूची २ अनुसार सम्झौता गरिनेछ ।

ख. अनुदान प्राप्त गर्ने छनौट भएका कृषकलाई लिखु गाउँपालिकाको कार्यालयबाट सम्वन्धित कृषकको खातामा भुक्तानी गरिनेछ ।

ग. पशु ब्याइ नसकेका र ब्याउने अवस्थाको प्रमाण सहित निवेदन पेश गरेर अनुदान प्राप्त गर्न छनौट भएका कृषकहरुले पशु ब्याएको प्रमाण र वडाको सिफारिस सहित आवश्यक कागजातहरु लिखु गाउँपालिकाको पशु सेवा शाखामा पेश गरिसकेपछि मात्र आवश्यक प्रक्रिया पुरा गरेका कृषकहरुलाई भुक्तानीका लागि गाउँपालिकामा सिफारिस गरिनेछ ।

७. **सुत्केरी गाइभैंसीलाई पशु आहारा भत्ता अनुदान कार्यक्रम कार्यन्वयनको लागि प्रस्तावित आर्थिक मापदण्ड** :-

मिना

| क्र.स. | कार्यक्रमको विवरण | इकाइ | दर | कैफियत |
|---|---|---|---|---|
| १. | सुत्केरी गाई भैंसी प्रोत्साहन भत्ता | प्रति गाई र भैंसी | रु.३०००।- | |

**८.आर्थिक प्रशासन सेवा :-**

१. कार्यक्रमको लेखा लेखाङ्कन लेखापरिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ आर्थिक कार्यविधि नियमावली २०७७ सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिनेछ ।

२. अनुदानको तिन प्रतिशत कन्टेन्जेन्सी स्वरुप कट्टा गरिनेछ । गाउँपालिकाले उक्त रकम भ्रमण खर्च वैठक भत्ता तथा अन्य प्रशासकिय कामको लागि खर्च गर्नेछ ।

३. यो कार्यविधिमा भएको कार्यक्रमको कार्यान्वयन गाउँपालिकाको निर्देशनमा सम्बन्धित कार्यालयले समेत गर्न सक्नेछ ।

**९. अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था :-** यस कार्यक्रमको अनुगमन लिखु गाउँपालिकाको पशु सेवा शाखाले गर्नेछ । र सोको मासिक चौमासिक तथा बार्षिक प्रतिवेदन र प्रगति विवरण आवश्यक परेको खण्डमा पशु सेवा शाखाबाट उपलब्ध गराउन सकिनेछ ।

क. यस कार्यविधि अनुसार काम भए नभएको सम्बन्धमा अनुगमन गर्न तपशिल बमोविमको एक अनुगमन समिति रहनेछ र सो समितिले वडाबाट प्राप्त अभिलेखलाई आधार मानी अनुगमन गरी दिएको प्रतिवेदनका आधारमा अनुदान रकम दिइनेछ ।

१. गाउँपालिका उपाध्यक्ष : संयोजक

२. आर्थिक विकास समितिको संयोजक : सदस्य

३. पशु सेवा शाखा प्रमूख वा निजले तोकेको व्यक्ति : सदस्य सचीव

**१०. बाधा अड्काउ फुकाउने :-** यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**११. परिमार्जन :-** गाउँ कार्यपालिकाले यो कार्यविधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

१२. **वचाउ :-** यस कार्यविधीमा उल्लेख भएका कुरामा यसै कार्यविधि वमोजिम र अन्यमा प्रचलित कानून वमोजिम हुनेछ ।

## अनुसुची-१

लिखु गाउँपालिका भित्रका कृषकहरुका बिमित पशु गाइभैंसीलाइ सुत्केरी प्रोत्साहन भत्ता अनुदान कार्यक्रमको लागि दरखास्त आह्वानको सूचना

लिखु गाउँपालिका पशु सेवा शाखाको आ.व. ........................को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपालक कृषकहरुका विमित पशु गाई भैंसीलाई सुत्केरी प्रोत्साहान भत्ता अनुदान कार्यक्रम सञ्चालन गरी वेतभरी नै बढी दुध उत्पादन कायम राख्ने, दुइ वेतको अन्तर कम गर्ने र पाडापाडी बाच्छाबाच्छीको स्वास्थ्य तन्दुरुस्त राख्न तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनका लागि यो सुचना प्रकाशित गरिएको छ । इच्छुक कृषकहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम यस कार्यलयमा पेश गर्नु होला । विस्तृत जानकारीका लागि लिखु गाउँपालिका पशु सेवा शाखामा सम्पर्क राख्न हुन अनुरोध छ ।

कार्यक्रम सन्चालनका लागि कृषक छनौट तथा भुक्तानीका आधारहरु:

अनुदान प्राप्त गर्न चाहने कृषकले सम्बन्धित लिखु गाउँपालिका पशु सेवा शाखामा रु. १० को हुलाक टिकट सहितको निवेदन पेश गर्नुपर्नेछ ।

- एक वा एक भन्दा बढी दुधालु गाइ/भैंसी पालेको हुनु पर्नेछ ।
- पशुको अनिवार्य विमा गरेको हुनु पर्नेछ ।
- अनिवार्य माउ र बाच्छाबाच्छी पाडापाडीको र सम्बन्धित कृषक देखिने गरी फोटो पेश गर्नु पर्नेछ ।
- वडाको सिफारिस पत्र

मिना

## अनुसुची-२

लिखु गाउँपालिका भित्रका कृषकहरुका बिमित पशु गाइभैंसीलाइ सुत्केरी प्रोत्साहन भत्ता अनुदान कार्यक्रमको लागि

लिखु गाउँपालिका र ................................बीच भएको द्विपक्षीय सम्झौता लिखु गा.पा. भित्र रहेका कृषकहरुका बिमित पशु गाईभैंसीलाई सुत्केरी प्रोत्साहन भत्ता अनुदान कार्यक्रमको उद्देश्य अनुरुपको उपलब्धी हासिल गर्न लिखु गा.पा. पशु सेवा शाखा यसपछि पहिलो पक्ष भनिने र ........................लिखु गा.पा. वडा नं. ........ का श्री/श्रीमती/सुश्री ........................त्यसपछि दोस्रो पक्ष भनिने बीच तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्ने द्विपक्षिय सम्झौता सम्पन्न भयो ।

१.दोस्रो पक्षले तपशिल बमोजिमका कार्यहरु गर्नुपर्नेछ ।

- ✓ अनुदान रकमबाट लैनो माउ र बाच्छाबाच्छी पाडापाडीको विशेष स्याहार सुसार गर्नुपर्नेछ ।
- ✓ पौष्टिक दाना मिनरल ब्लक, भिटामिन, डेन्चिङ्ग, खोप आदिको व्यवस्था गर्नुपर्नेछ ।
- ✓ पशु बस्तुको स्वास्थ्य व्यवस्थान र उत्पादन एवम् उत्पादकत्व बृद्धिका कार्यहरु गर्नुपर्नेछ ।
- ✓ अनुदान कार्य समाप्त भएपछि पनि कृषकहरुले कार्यक्रमलाई निरन्तरता दिनुपर्नेछ ।
- ✓ दोस्रो पक्षबाट गर्नुपर्ने कार्यहरु सन्तोष जनक नपाईएमा प्रचलित कानून बमोजिम कार्वाहिको भागिदार हुनुपर्नेछ ।
- ✓ अनुदान प्राप्त गर्ने कृषकले प्राप्त अनुदानबाट गरेका क्रियाकलापहरुको पशु सेवा शाखामा पेश गर्नुपर्नेछ ।

| **प्रथम पक्ष :-** | **दोस्रो पक्ष :-** |
|---|---|
| नाम : | नाम : |
| पद: | पद : |
| दस्तखत : | दस्तखत : |

मिना